# कृषि सामग्री कम्पनी लिमिटेड

योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा

प्रधान कार्यालय, कुलेश्वर, काठमाडौँ

## मसलन्द तथा छपाईका सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३।०४।०१**

आर्थिक वर्ष २०८३/८४ मा यस कम्पनीको लागि मसलन्द तथा छपाईका सामानहरू सिलबन्दी दरभाउपत्रको माध्यमबाट आपूर्ति गर्न आपूर्ति कर्ताको छनोट गर्नुपर्ने भएकोले उक्त सामानहरू आपूर्ति तथा कारोबार गर्ने स्वीकृति प्राप्त र भ्याटमा दर्ता भएका ईच्छुक सप्लायर, फर्म, कम्पनी वा संस्थाबाट तपसिलमा उल्लिखित सर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्र फाराम भरी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| विवरण | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति | बिड बण्ड रकम रु. | दरभाउपत्र फाराम शुल्क रु. | दरभाउपत्र खरिद र दर्ता गर्नुपर्ने कार्यालय |
|---|---|---|---|---|---|
| मसलन्द तथा छपाईका सम्पूर्ण सामान | २०८३।०४।०७ | २०८३।०४।०८ (१२:०० बजे भित्र) | ४९,०००।– (उन्नपचास हजार) | १०००।– (एक हजार) | प्रधान कार्यालय, कुलेश्वर, काठमाडौँ |

**तपसिलः**

१) सिलबन्दी दरभाउपत्र फाराम माथि उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै तिरि खरिद गर्न सकिनेछ। सिलबन्दी दरभाउपत्र साथ फर्म/कम्पनी/संस्था दर्ता, प्यान, मुल्य अभिवृद्धि कर, आ.व. २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र स्व-घोषणापत्र सहित पेश गर्नु पर्नेछ।

२) सिलबन्दी दरभाउपत्र फाराम उल्लिखित मितिमा कार्यालय समयभित्र खरिद गर्न सकिनेछ। खरिद दरभाउपत्रहरू उल्लिखित मितिको दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। रीतपूर्वक दर्ता हुन आएका दरभाउपत्र सोही दिन दिनको १:०० बजे दरभाउपत्रदाता तथा विभिन्न कार्यालयका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन। सिलबन्दी दरभाउपत्र पेस गर्ने अन्तिम दिन तथा सिलबन्दी दरभाउपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा ती कार्यहरू त्यसको लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछन्।

३) आफूले बोल कवोल गरेको सामानको प्रति इकाइ भ्याट बाहेकको दररेट अङ्क र अक्षरमा प्रष्ट लेख्नुपर्नेछ। अङ्क स्पष्ट नभएमा अक्षरमा उल्लिखित दररेटलाई मान्यता दिईनेछ।

४) सिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्दा कार्यालयले तोकेको बिड बण्ड रकम टेकुस्थित यस कम्पनीको नाममा रहेको एभरेष्ट बैक लि. हि.नं. ०१०००१०५०००४०२ मा नगदै जम्मा गरी सो को सक्कलै बैंक भौचर वा दरभाउपत्र खोल्दाको मितिबाट कम्तीमा ७५ दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाले यस कार्यालयको नाममा जारी गरेको विड वण्ड वापतको बैंक जमानी पत्र संलग्न गरी पेश गर्नुपर्नेछ।

५) सिलबन्दी दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुनेछ।

६) सिलबन्दी दरभाउपत्र पेश गर्दा मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट पेश गर्नुपर्नेछ।

७) कुनै शर्त राखी पेश गरेको दरभाउपत्र मान्य हुने छैन।

८) सिलबन्दी दरभाउपत्रको खामको बाहिर नाम, ठेगाना, छाप, विषय र सम्पर्क मो.नं. र इमेल ठेगाना स्पष्ट उल्लेख गर्नुपर्नेछ।

९) सिलबन्दी दरभाउपत्र पूर्ण/आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहने छ।

१०) यस सम्बन्धमा अन्य कुनै थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र ०१-५३७९३६३ मा सम्पर्क गरी जानकारी प्राप्त गर्न सकिने छ।

ADV/Pratik works/Sawan 1/Krishi samgari_notice
3x17